पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड :६७ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## न्यायिक समिति(कार्यविधि सम्बन्धि) ऐन २०७४ (दोश्रो संशोधन)

**न्यायिक समिति(कार्यविधि सम्बन्धि) ऐन २०७४ (दोश्रो संशोधन)**

प्रस्तावना : न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ लाई संसोधन गर्न वान्छनीय भएकोले, पोखरा महानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन - २०७४ (दोश्रो संसोधन), २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको प्रस्तावना भन्दा पहिले नाममा "लेखनाथ" भन्ने शब्द हटाइएको ।**

३. **मूल ऐनको प्रस्तावनाको अनुच्छेदको अन्तिम वाक्याँश "तथा २२१ को उपधारा १ र २ बमोजिम" को सट्टा देहाय अनुसारको वाक्याँश थप गरि एको ।**

"को न्यायिक समिति र नेपालको संविधान २०७२ को अनुसूची ८ मा तोकीए बमोजिमको न्यायिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि"

४. **मूल ऐनको दफा १ को उपदफा** (१) **मा "महानगर" भन्ने शब्द भन्दा पहिले "पोखरा" भन्ने शब्द थप गरिएको ।**

५. **मूल ऐनको दफा १ को खण्ड (क) को सबै वाक्याँशको सट्टा देहाय अनुसार उपदफा** (२) **थप गरिएको :**

२) यो ऐन नगरसभावाट पारित भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।

६. **मूल ऐनको दफा २ को खण्ड (ख) मा "स्थानीय ऐन" भन्ने शब्दको सट्टा "संघीय ऐन" भन्ने शब्द थप गरिएको ।**

७. **मूल ऐनको दफा २ को खण्ड (फ) का सबै वाक्याँशको सट्टा देहाय अनुसार वाक्याँश थप गरिएको :**

(फ) "समिति" भन्नाले यस ऐनको दफा ३ बमोजिमको पोखरा महा(

नगरपालिकाको न्यायिक समितिलाई सम्झनुपर्नेछ ।

८. **मूल ऐनको दफा २ को खण्ड (ल) पछि देहाय अनुसार खण्डहरु थप गरि एको :**

(व) **"उप–प्रमुख"** भन्नाले पोखरा महानगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्नेछ ।

(श) **"महानगरपालिका"** वा "नगरपालिका" भन्नाले पोखरा महानगर पालिकालाई सम्झनुपर्नेछ ।

(ष) **"कार्यपालिका"** भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका( लाई सम्झनुपर्नेछ ।

(स) **"सचिवालय"** भन्नाले यस ऐनको दफा ४९ बमोजिमको पोखरा महानगरपालिकाको न्यायिक समितिको सचिवालायलाई सम्झनुपर्नेछ ।

(ह) **"प्रमुख"** भन्नाले पोखरा महानगरपालिकाको प्रमुख सम्झनु पर्नेछ ।

(क्ष) **"सदस्य"** भन्नाले पोखरा महानगरपालिका न्यायिक समितिको सदस्यलाई सम्झनुपर्नेछ ।

९. **मूल ऐनको परिच्छेद २ को शिर्षकमा "समितिको अधिकार" शब्दको सट्टा "न्यायिक समिति र अधिकार" कायम गरिएको ।**

१०. **मूल ऐनको परिच्छद २ पछी (दफा ३ भन्दा पहीले ) देहाय अनुसार दफा (३) र उपदफाहरु थप गरिएको :**

३. न्यायिक समिति : (१) महानगरपालिकामा नेपालको संविधानको धारा २१७ बमोजम तीन सदस्यीय एक न्यायिक समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको समितिमा उपप्रमुख संयोजक र नगर सभाबाट आफुमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहनेछन् ।

११. **मूल ऐनको दफा ७ लाई संसोधित दफा ५ कायम गरिएको ।**

१२. **मूल ऐनको दफा ६ खारेज गरिएको ।**

१३. **मूल ऐनको दफा ७ मा "दफा ६" शब्दको सट्टा "दफा ४" कायम गरि एको ।**

१४. **मूल ऐनको दफा ७ को खण्ड (क) का सबै वाक्यँसको सट्टा देहाय अनुसार**

**वाक्यांस कायम गरिएको :**

(क) व्यक्तिका हकमा, उजुरीका सबै पक्ष महानगरपालिकाको भौगोलिक क्षेत्राधिकार भित्र बसोबास गरिरहेको ।

१५. **संसोधित दफा ५ पछी देहाय अनुसार दफा ६ र उपदफाहरु थप गरिएको :**

६. **अधिकार क्षेत्रको प्रयोग** : (१) न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरुले सामूहिक रुपले गर्ने छन् र बहुमतको राय न्यायिक समितिको निर्णय मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समि( तिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

(३) न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपसि( थति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिनेछ ।

(४) कुनै कारणले संयोजक पद रिक्त भएका न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विावदको कारबाही र किनारा गर्न सकिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कार बाही र किनारा हुन सक्ने छैन ।

(६) उपदफा (५) बमोजिम कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा नगर सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी

तोक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिकको कारबाही र किनारा गर्दा तीन जना सदस्य मध्येको जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्नेछ ।

**१६. मूल ऐनको दफा ३, दफा ४ र दफा ५ लाई क्रमश : दफा ७, दफा ८ र दफा ९ कायम गरिएको ।**

**१७. मूल ऐनको दफा ३ को शिर्षकमा “उजुरी निर्णय सम्बन्धी काम” भन्ने शब्दहरुको सट्टा “समितिलाई मात्र अधिकार हुने” भन्ने शब्द राखिएको ।**

**१८. मूल ऐनको दफा ४ को शिर्षकमा “निर्णय सम्बन्धी बाहेक अन्य काम” भन्ने शब्दहरुको सट्टा “कर्मचारीलाई अधिकार प्रदान गर्न सकिने” भन्ने शब्द राखिएको ।**

**१९. मूल ऐनको परिच्छेद ३ को शिर्षकमा “उजुरी दर्ता” भन्ने शब्दहरुको सट्टा “उजुरी तथा प्रतिवाद दर्ता” भन्ने शब्द राखिएको ।**

**२०. मूल ऐनको दफा ९ को शिर्षकमा “निसा” भन्ने शब्दको सट्टा “निस्सा” भन्ने शब्द राखिएको ।**

**२१. मूल ऐनको दफा १० को उपदफा (१) को “एक दिन भित्रको” भन्ने शब( दहरुको सट्टा “तीन दिन भित्रको” भन्ने शब्द राखिएको ।**

**२२. मूल ऐनको दफा १० को उपदफा (२) को “३” भन्ने शब्दको सट्टा “तीन” भन्ने शब्द राखिएको ।**

**२३. मूल ऐनको दफा १० को उपदफा (२) को “गरेर” भन्ने शब्दको सट्टा “आदेश” भन्ने शब्द राखिएको ।**

**२४. मूल ऐनको दफा १० को उपदफा (३) को “१ दिन भित्र” भन्ने शब्दहरुको सट्टा “तीन दिन भित्र” भन्ने शब्दहरु राखिएको ।**

**२५. मूल ऐनको दफा १२ को उपदफा (२) का सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको :**

(२) उपदफा (१) बमोजिम दर्ता गर्न नमिल्ने उजुरी भुलबश दर्ता भएकोमा सो व्यहोरा जानकारी भएपछि उजुरी जुनसुकै अवस्थामा रहे

को भए पनि समितिले उजुरी खारेज गर्नुपर्नेछ ।

२६. **मूल ऐनको दफा १३ को "प्रत्येक लिखत प्रमाणको" भन्ने शब्दहरु पछी "सक्कल र" भन्ने शब्दहरु थप गरिएको ।**

२७. **मूल ऐनको दफा २१ को वाक्याँस बाट "वा सचिव" भन्ने शब्दहरु झिकि( कएको ।**

२८. **मूल ऐनको दफा २२ को उपदफा (१) को "म्याद जारी" शब्दको स्थानमा "म्याद तामेल" शब्द थप गरिएको ।**

२९. **मूल ऐनको दफा २४ को शिर्षक पछीको सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस थप गरिएको :**

"म्याद तामेली सम्बन्धमा समितिले आवश्यक प्रक्रिया निर्धारण गर्न सक्नेछ ।"

३०. **मूल ऐनको दफा २५ उपदफा (१) का सबै वाक्याँसको सट्टा देहाय अनुसार को वाक्याँस थप गरिएको :**

(१) मेलमिलापबाट बिवाद निरुपण हुन नसकी समितिमा फिर्ता आएका बिवादमा प्रतिवाद दर्ता, वा बयान वा सो सरहको कार्य भएपछि सुनव( ाईको लागि पेश भएको बिवाद भएमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले बिवाद पेश भएको पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

३१. मूल ऐनको दफा २५ उपदफा (२) का सबै वाक्याँसको सट्टा देहाय अनुसारको वाक्याँस थप गरिएको :

(२) समिति समक्ष पेश भएको बिवादमा उपदफा (१) बमोजिम तत्काल निर्णय गर्न सकिने नदेखिएमा समितिले देहाय बमोजिम आदेश गर्न सक्नेछ :

३२. **मूल ऐनको दफा २५ उपदफा (२) को खण्ड (क) को वाक्याँसको अन्त्यमा देहाय अनुसार वाक्याँस थप गरिएको :**

"....वा अन्य कुनै कार्य गर्ने,"

३३. **मूल ऐनको दफा २५ उपदफा (२) को खण्ड (ख) को वाक्याँसको अन्त्यमा**

**देहाय अनुसार वाक्याँस थप गरिएको :**

"....आदेश गर्ने,"

३४. **मूल ऐनको दफा २५ उपदफा (३) को "४७ को उपदफा (२)" भन्ने शब्दहरु पछी तथा यस "ऐनको दफा ४ को उपदफा (२)" भन्ने शब्दहहरु थप गरिएको ।**

३५. **मूल ऐनको दफा २७ उपदफा (१) का सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको :**

(१) उजुरीमा पेश भएको कुनै लिखतको सत्यता परीक्षण वा जाँच गर्न आवश्यक देखेमा समितिले विशेषज्ञ पक्षवाट जाँच गराउन सक्नेछ र यस वापतको लाग्ने दस्तुर लिखत असत्य भन्ने पक्षबाट दाखिला गर्न लगाउनु पर्नेछ ।

३६. **मूल ऐनको दफा २८ उपदफा (१) को "सामान्यतया" भन्ने शब्दको सट्टा "बढीमा" भन्ने शब्द राखिएको ।**

३७. **मूल ऐनको दफा २८ मा देहाय अनुसार उपदफा (४) थप गरिएको :**

(४) **उजुरी वा प्रतिवाद गर्दा राखिएको साक्षी मात्र बुझ्नु पर्नेछ, तर, साक्षी पछी थप घट गर्न पाइनेछैन ।**

३८. **मूल ऐनको दफा ३० को उपदफा (१) को सबै वाक्याँसको सट्टा देहाय अनुसारको वाक्याँस राखिएको :**

(१) उजुरी प्रशासकले साक्षी बकपत्रको लागि तोकिएको दिन पक्षहरुसँग निजहरुले उपस्थित गराउन ल्याएका उजुरी वा प्रतिवादमा उल्लेखित साक्षीको नामावली लिई समिति समक्ष पेश गर्नुपर्नेछ ।

३९. **मूल ऐनको दफा ३० को उपदफा (२) को "उजुरीका दुबै पक्ष" भन्ने शब्दहरुको सट्टा "उजुरीका सबै पक्ष" भन्ने शब्द थप गरिएको ।**

४०. **मूल ऐनको दफा ३० पछी फेरि दफा ३० लेखिएकोमा यस र यस पछी क्रमशः सच्याइएको ।**

४१. **मूल ऐनको दफा ३१ को उपदफा (१) मा "बकपत्रका लागि तोकिएको तारेखका दिन" भन्ने शब्दहरुको सट्टा "बकपत्र" भन्ने शब्द राखिएको ।**

४२. मूल ऐनको दफा ३१ को उपदफा (५) को वाक्याँस पछी देहाय अनुसार उपदफा (६) थप गरिएको :

(६) साक्षी बकपत्र गर्दा सम्बन्धित पक्षले आफ्नो कानून व्यवसायीलाई प्रतिनिधित्व गराउन चाहेमा सो को व्यवस्था गर्नुपर्नेछ ।

**४३. मूल ऐनको दफा ३२ को उपदफा (२) को सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको :**

(२) उपदफा (१) बमोजिमको सूची समितिको संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको समितिको सदस्यले प्रमाणित गर्नुपर्नेछ ।

**४४. मूल ऐनको दफा ३३ को उपदफा (१) को "सूची तयार गरी" भन्ने शब्दहरु पछी "उक्त दिनको ११ बजे भित्र" भन्ने शब्दहरु थप गरिएको ।**

**४५. मूल ऐनको दफा ३३ को उपदफा (४) का वाक्याँश पछि देहाय अनुसार उपदफा (५) र (६) एवं खण्डहरु थप गरिएको :**

(५) उजुरी सुनुवाई गर्दा क्रमगत कायम गर्नुपर्नेछ, क्रम मिचि सुनुवाई गर्न मिल्ने छैन ।

(६) सूचीमा उल्लेखित विवादलाई समितिले देहायको अवस्थामा हटाउन सक्नेछः :

(क) समितिले हेर्न, बुझ्न नभ्याएमा,

(ख) पक्षले कानून व्यवसायी राख्न समय माग गरेमा वा पक्षको कानून व्यावसायीले विशेष परिस्थिति परि मुद्दा हटाउन चाहेकोमा सो मनासिव लागेमा बढीमा २ पटक सम्म ।

**४६. मूल ऐनको दफा ३६ को उपदफा (२) को "पक्ष" भन्ने शब्दको सट्टा "पक्षहरु" र "वारेस" भन्ने शब्दको सट्टा "वारेसका" भन्ने शब्द कायम गरिएको ।**

**४७. मूल ऐनको दफा ३६ को उपदफा (३) को तर ..........पछि "दफा (३)" भन्ने शब्दको को सट्टा "दफा ३७" भन्ने शब्द कामय गरिएको र यसलाई अघिल्लो दफा नं परिवर्तन संग परिमार्जन गरेर उल्लेख गरिएको ।**

४८. **मूल ऐनको दफा ३७ को उपदफा (२) को सबै वाक्याँसको सट्टा देहाय अनुसार कायम गरिएको :**

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा बिवादका पक्ष तथा सरो कारवाला बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न नपाउने गरी इजलासको गठन गर्नुपर्नेछ।

४९. **मूल ऐनको दफा ४० को शिर्षक पछीको वाक्याँसलाई उपदफा (१) कायम गरिएको।**

५०. **मूल ऐनको दफा ४० को उपदफा (३) मा “दफा ४८ (५)” भन्ने विवरण पछी “तथा यस ऐनको दफा ६ (५)” भन्ने विवरण थप गरिएको।**

५१. **मूल ऐनको दफा ४० को उपदफा (४) मा “दफा ४८ (६) र (७) ” भन्ने विवरण पछी “तथा यस ऐनको दफा ६ (६) र (७)” भन्ने विवरण थप गरिएको।**

५२. **मूल ऐनको दफा ४१ को उपदफा (१) को वाक्याँसमा “बाँकी नदेखिएमा” भन्ने शब्द पछी “तथा बिवाद किनारा गर्ने अंग पुगेको अवस्था देखिएमा” भन्ने शब्दहरु थप गरिएको।**

५३. **मूल ऐनको दफा ४१ को उपदफा (४) को वाक्याँसमा “आगामी हप्ताको ” भन्ने शब्द पछी “कुने दिनको” भन्ने शब्दहरु थप गरिएको।**

५४. **मूल ऐनको दफा ४२ को उपदफा (२) को सबै वाक्याँसको सट्टा देहाय अनुसारको वाक्याँस कायम गरिएको :**

(२) उपदफा (१) बमोजिम निर्णयको पूर्ण पाठ तयार गर्दा बादी तथा प्रतिबादीको जिकिर, बहस बुँदा, दुवै पक्षबाट पेश भएका प्रमाणहरु, निर्णय गर्नुपर्ने देखिएको विषय र मुकरर गरिएको भए कानून वयवस( ायीको नाम समेतको विषय खुलाउनु पर्नेछ।

५५. **मूल ऐनको दफा ४२ को उपदफा (४) को “(२),(३)” भन्ने व्यहोराको सट्टा “(२) तथा (३)” भन्ने व्यहोरा कायम गरिएको।**

५६. **मूल ऐनको दफा ४२ को उपदफा (४) का खण्ड (ख) को सबै वाक्याँसको सट्टा देहाय अनुसारको वाक्याँस कायम गरिएको :**

(ख) कुनै नजीर व्याख्या वा अवलम्बन गरिएको भए सो को विवरण र यस बिवादमा उक्त नजीरको सम्बन्ध तथा कारण सहितको विश्लेषण

५७. **मूल ऐनको दफा ४२ को उपदफा (४) का खण्ड (घ) को वाक्यांँसको अन्त्यमा देहाय अनुसार वाक्याँस थप गरिएको :**

“....र सो मालसामान वा वस्तुको हकमा के गर्ने हो भन्ने विषय । ”

५८. मूल ऐनको दफा ४२ को उपदफा (४) को खण्ड (ङ) हटाइएको ।

५९. **मूल ऐनको दफा ४३ को उपदफा (१) र (२) को सबै वाक्याँसको सट्टा देहाय अनुसारको वाक्याँसहरु कामय गरिएको :**

(१) पहिलो सुनुवाईको लागि पेश भएको बिवादमा थप प्रमाण बुझ्ि रहनु पर्ने अवस्था नरहेको देखिएमा वा हकदैया वा हदम्याद वा क्षेत्राधिकार नरहेको कारणले विवाद निर्णय गर्न नमिल्ने देखिएमा प्रारम्भिक सुनवाईमा नै समितिले निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजमको निर्णय क्षेत्राधिकारको अभावका कारण भएको अवस्थामा सो विवादमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा स्थानीय तह वा अन्य निकायमा उजुरी गर्न जानु भनी सम्बन्धित पक्षलाई जानकारी दिनुपर्नेछ ।

६०. **मूल ऐनको दफा ४४ को उपदफा (१) सबै वाक्याँसको सट्टा देहाय अनुसार को वाक्याँसहरु कामय गरिएको :**

(१) बिवादको पक्ष वा कुनै सरोकारवालाले बिवादको निर्णयमा भएको कुनै लेखाईको त्रुटी संसोधन गरी पाउन जिकिर लिई निर्णयको जानकारी भएको पैंतिस दिन भित्र समिति समक्ष निवेदन दिन सक्नेछ ।

६१. **मूल ऐनको दफा ४५ को उपदफा (१) मा “सरोकारवालाले” भन्ने शब्दको सट्टा “अरु कसैले” भन्ने शब्दहरु राखिएको ।**

६२. **मूल ऐनको दफा ४६ को उपदफा (२) पछि देहाय अनुसार उपदफा (३) थप गरिएको :**

(३) न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैंतीस

दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

६३. **मूल ऐनको दफा ४८ को सबै बाक्याँसहरुको सट्टा देहाय अनुसार उपदफा, खण्ड तथा वाक्याँस थप गरिएको :**

(१) समितिले ऐनको दफा ४ बमोजिम अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नी बिचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालाक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदे श समेत दिन सक्नेछः :

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सो को व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

(ग) पीडितलाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सो को व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

(घ) पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,

(ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा निवेदकले पेश गरेको कागजात, निजको अवस्था र वस्तुगत परिस्थितिको प्रारम्भिक छानविन गरी तत्काल आदेश नगरे निवेदकलाई पर्न सक्ने नकारात्मक प्रभाव मूल्याँकन गर्नुपर्दछ ।

६४. **मूल ऐनको दफा ४९ को उपदफा (२) को सबै बाक्याँसहरुको सट्टा देहाय अनुसार उपदफा (२) र (३) थप गरिएको :**

(२) उपदफा (१) बमोजिमको सचिवालयमा कार्यपालिकाले आवश्यकता अनुसार उजुरी प्रशासक, अभिलेख संरक्षक तथा फैसला कार्यान्वयन प्रशासक र आवश्यकता अनुसार अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सचिवालयको कार्य सम्पादनलाई व्य( वस्थित गर्न सचिवालय अन्तर्गत उजुरी शाखा, अभिलेख शाखा तथा आवश्यकता अनुसार अन्य शाखाहरु रहन सक्नेछन् ।

**६५. मूल ऐनको दफा ५० को खण्ड (ट) को "नगरपालिका" भन्ने शब्दको सट्टा "महानगरपालिका" भन्ने शब्द राखिएको ।**

**६६. मूल ऐनको दफा ५१ को शिर्षकको सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस थप गरिएको :**

**५१. अभिलेख संरक्षक तथा कार्यान्वयन प्रशासकको काम, कर्तव्य अधिकार :**

**६७. मूल ऐनको दफा ५१ को शिर्षक पछीको सबै बाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस कामय गरिएको :**

"यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक अभिलेख संरक्षक तथा कार्यान( वयन प्रशासकको को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :"

**६८. मूल ऐनको दफा ५१ को खण्ड (क) को (२) देखि (६) लाई क्रमश (१) देखि (५) कायम गरिएको ।**

**६९. मूल ऐनको दफा ५२ को शिर्षकको सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस थप गरिएको :**

**५२. उजुरी प्रशासक वा अभिलेख संरक्षक तथा कार्यान्वयन प्रशासकको आदेश वा कारवाही उपर निवेदन :**

**७०. मूल ऐनको दफा ५२ को उपदफा (१) मा "उजुरी प्रशासक वा अभिलेख संरक्षक" भन्ने शब्दहरुको सट्टा "उजुरी प्रशासक वा अभिलेख संरक्षक तथा कार्यान्वयन प्रशासक" भन्ने शब्दहरु थप गरिएको ।**

**७१. मूल ऐनको दफा ५४ को उपदफा (१) भन्दा पहिले देहाय अनुसार उपदफा**

(१) **थप गरिएको** :

(१) समितिले आफु समक्ष पेश भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ ।

७२. **मूल ऐनको दफा ५४ को उपदफा** (१) **को सबै वाक्याँसहरुको सट्टा देहाय अनुसार उपदफा** (२) **तथा वाक्याँस कायम गरिएको र उपदफा** (३) **थप गरिएको** :

(२) समितिले प्रचलित कानून तथा यस ऐनको दफा ४ को उपदफा (२) अन्तरगतका विवादहरुको मेलमिलापको माध्यमद्धारा निरुपण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पक्षहरु विच मिलापत्र हुन नसकेमा ऐनको दफा ४ को उपदफा (१) मा उल्लिखित बिवादमा न्यायिक समितिले कानून बमोजिम विवादको कारबाही र किनारा गर्नुपर्नेछ ।

७३. **मूल ऐनको दफा ५५ को उपदफा** (२) **को सबै वाक्याँसहरुको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको** :

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (२) बमोजिमको विवादको हकमा तोकीएको अवधि भित्र मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले विवादको पक्षहरुलाई त्यस्तो व्यहोरा जनाई विवाद समाधानका लागि अदालत जानको लागि सम्बन्धित पक्षलाई जानकारी दिई तत् सम्बन्धी मिसिल तथा कागजात सम्बन्धित अदालतमा पठाइ दिनु पर्नेछ ।

७४. **मूल ऐनको दफा ६१ को शिर्षकमा "सूचीबाट" भन्ने शब्द भन्दा पहिले "नाम" भन्ने शब्द थप गरिएको ।**

७५. **मूल ऐनको दफा ६२ को सबै उपदफाका सबै वाक्याँस हटाइएको र देहाय अनुसार उपदफा र वाक्याँस राखिएको** :

(१) बिवादका दुवै पक्ष उपस्थित भएको तीन महिना भित्र समितिले मे लमिलापबाट विवादको समाधान गर्नुपर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको समय सिमा तोकी मेलमिलापका लागि मेलमितापकर्ता पठाउन सक्नेछ ।

७६. **मूल ऐनको दफा ६३ को उपदफा** (१), (२) **र** ( ३) **का सबै वाक्याँसहरुको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको :**

(१) समितिले मेलमिलाप गराउने कार्यको लागि विवादका पक्षहरुलाई एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरुबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा समितिले पक्षहरुको सहमतिमा तीन जना मेलमिलापकर्ताको छनौट गर्नुपर्नेछ ।

(३) पक्षहरुको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा समितिले मेलमिलापकर्ताको सूचीमा रहेका मेलमिलापकर्ताहरु मध्येबाट दुवै पक्षबाट एक एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता छनौट गरिदिनुपर्नेछ ।

७७. **मूल ऐनको दफा ६८ को वाक्याँसबाट** "(१)" **भन्ने अंक हटाइएको ।**

७८. **मूल ऐनको दफा ७० उपदफा** (१) **मा "दफा ४७** (१)" **भन्ने विवरण पछी "तथा यस ऐनको दफा ४** (१)" **भन्ने विवरण थप गरिएको ।**

७९. **मूल ऐनको दफा ७० उपदफा** (२) **को खण्ड** (क) **मा "दफा ४७** (१)" **भन्ने विवरण पछी "तथा यस ऐनको दफा ४** (२)" **भन्ने विवरण थप गरिएको ।**

८०. **मूल ऐनको दफा ७३ को शिर्षक पछीको वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको :**

"कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही समितिको निर्णय अभिलेख सुरक्षित राख्ने र सो को कार्यान्वयन गर्ने गराउने सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख गर्न जिम्मेवारी सचिवालयको रहनेछ ।"

८१. **मूल ऐनको दफा ७४ मा सहयोग गर्नुपर्ने को सट्टा मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने भनी शब्दावली राख्ने र मूल ऐनको दफा ७४ को उपदफा** (१) **र उपदफा** (२) **को सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको**

:

(१) कार्यपालिकाले न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको तत्काल कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(२) सम्बन्धित वडा कार्यालयले न्यायिक समितिबाट भएको निर्णयलाई सम्बन्धित निकायसंग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानुन वमोजिम समितिले असुल गर्नुपर्ने जरिवाना, विगो कर वा अन्य कुनै प्रकारको रकम असुलउपर नभई महानगर बाट कुनै सिफारिस लगायतका अन्य सेवा प्रदान गरिने छैन ।

८२. **मूल ऐनको दफा ७४ को उपदफा** (२) **को वाक्याँस पछी देहाय अनुसार उपदफा** (३) **थप गरिएको** :

(३) उपदफा (१) बमोजिमको जरीवाना, विगो प्रचलित कानूनको अधि( नमा रही सरकारी बाँकी सरह कानून बमोजिम असुलउपर गर्नुपर्नेछ ।

८३. **मूल ऐनको दफा ७५ को उपदफा** (२) **को "नगरपालिका" भन्ने शब्दको सट्टा "महानगरपालिका" भन्ने शब्द राखिएको ।**

८४. **दफा ७७(४) थप गरी न्यायिक समितिमा भएका फैसला तथा निर्णय कार्यान्वयन**

८५. **मूल ऐनको दफा ७९ को उपदफा** (१) **को सबै वाक्याँसहरुको सट्टा देहाय उपदफा तथा वाक्याँसहरु थप गरिएको** :

(१) दफा ७५ र ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परे पछि देखाइएको सम्पत्तिको हकमा आवश्यक पर्ने जति जेथा रोक्का र ाख्ने सम्बन्धमा अभिलेख संरक्षकले न्यायिक समिति समक्ष पेश गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन उपर आवश्यक छानविन, आवश्यक( ता र औचित्य हेरी न्यायिक समितिले चल अचल सम्पत्ति रोक्का राख्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको रोक्काको निर्णय गरेपछि सो बमोजिम

चलअचल सम्पत्ति अन्यथा व्यवस्था नभएसम्म हक हस्तान्तरण नगर्न, नगराउन तथा आँशिक वा पूर्ण रोक्का राख्नको लागि चल अचल सम्पति दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा अभिलेख संरक्षकले लेखि पठाउनु पर्नेछ ।

८६. **मूल ऐनको दफा ८१ को उपदफा (१) को “अभिलेख प्रशासक” भन्ने शब्दको सट्टा “तोकीएको अधिकारी” भन्ने शब्द थप गरिएको ।**

८७. **मूल ऐनको दफा ८१ को उपदफा (२) को “समाजसेवीले” भन्ने शब्दको सट्टा “समाजसेवीको उपस्थितिमा पन्चकिर्ते” भन्ने शब्द थप गरिएको ।**

८८. **मूल ऐनको दफा ८१ को उपदफा (३) को “स्थानीय समाजसेवीले” भन्ने शब्दहरु हटाइएको ।**

८९. **मूल ऐनको दफा ८१ को उपदफा (३) को खण्ड (छ) मा “स्थानीय समाजसेवीले” भन्ने शब्दको सट्टा “उपदफा (२) बमोजिम” भन्ने शब्द थप गरिएको ।**

९०. **मूल ऐनको दफा ८१ को उपदफा (३) को स्पष्टीकरणमा “स्थानीय समाजसेवीले कायम गरेको मूल्य” भन्ने शब्दको सट्टा “पञ्चकिर्ते मोल” भन्ने शब्द थप गरिएको ।**

९१. **मूल ऐनको दफा ८२ को उपदफा (१) मा “न्यायिक समितिले” भन्ने शब्दहरु हटाइएको ।**

९२. **मूल ऐनको दफा ८२ को उपदफा (६) को वाक्याँसको अन्त्यमा “रोक्नुपर्छ” भन्ने शब्दको सट्टा “रोक्न सक्नेछ” भन्ने शब्द थप गरिएको ।**

९३. **मूल ऐनको दफा ८७ को उपदफा (१) मा “प्रशासक” भन्ने शब्दको सट्टा “संरक्षक” भन्ने शब्द थप गरिएको ।**

९४. **मूल ऐनको दफा ९० को शिर्षक पछीको वाक्याँस वाट “(१)” भन्ने अंक हटाइएको ।**

९५. **मूल ऐनको दफा ९३ भन्दा पहीले देहाय अनुसार दफा ९३, दफा ९४ र दफा ९५ थप गरिएको :**

९३. **पुनरावेदन गर्न सक्ने :** न्यायिक समितिबाट भएको निर्णयमा चित्त

नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

९४. **अभिलेख राख्नुपर्ने** : महानगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नुपर्नेछ ।

९५. **प्रतिवेदन पेश गर्नुपर्ने** : न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण प्रमुख मार्फत सभामा पेश गर्नुपर्नेछ ।

९६. **मूल ऐनको दफा ९३ को "नियम" शब्द पछि "कार्यविधि एवं निर्देशिका" भन्ने शब्दहरु थप गरिएको ।**

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**